मिति २०६६।०९।१३

# स्नातक तह (२०६६। ०७०) मा भर्नाको लागि
# छनौट भएका उम्मेदवारहरुको
# प्रथम सूची प्रकाशन सम्वन्धी
# सूचना

यस अध्ययन संस्थानको पोखरा तथा हेटौडा क्याम्पसमा शैक्षिक सत्र २०६६-०७० मा स्नातक तहमा अध्ययन गर्न आवेदन दिएका उम्मेदवारहरु मध्ये प्रवेश परीक्षा समेतको आधारमा तयार गरिएको योग्यताक्रम र प्राथमिकता अनुसारको संलग्न सूचिमा उल्लेखित उम्मेदवारहरुलाई भर्नाको लागि छनौट गरिएको छ । छनौट भएका उम्मेदवारहरुले २०६६।०९।२३ गते सम्ममा सम्वन्धित क्याम्पसमा सम्पर्क गरी भर्ना भई सक्नु पर्नेछ । भर्ना हुन आउंदा सक्कल प्रमाणपत्रहरु तथा २ प्रति पासपोर्ट साइजको फोटो साथमा लिई उम्मेदवार आफैं उपस्थिति हुन पर्नेछ । शारिरीक रुपमा अशक्त उम्मेदवारहरुलाई भर्ना गरिने छैन । विदेशवाट उत्तीर्ण भएका उम्मेदवारहरुले माइग्रेशन र प्रोभिजनल प्रमाणपत्र समेत भर्नाको समयमा पेश गर्नु पर्नेछ । कुनै उम्मेदवारको शैक्षिक योग्यता तथा अन्य विवरण झुठा ठहरिएमा कुनै पनि समय भर्ना रद्द गर्न सकिने छ । म्याद भित्र भर्ना हुन नआई स्थान रिक्त हुन आएमा योग्यताक्रमानुसार दोस्रो सूची मिति २०६६।०९।२४ गते सम्वन्धित क्याम्पसले प्रकाशित गर्नेछ । सूचि तयार गर्दा सक्दो सुद्धिकरण गरिएको छ, यद्यपी भूलले प्रथम सूचीमा भर्नाका लागि प्रकाशित हुनु पर्ने उम्मेदवारको नाम छुट हुन गएको रहेछ भने त्यसलाई सच्याई त्यस्तो उम्मेदेवारलाई स्थान रिक्त रहेमा दोस्रो सूचीमा प्रथम प्राथमिकता दिइ निजको नाम प्रकाशित गरिने व्यहोरा जानकारी गराउदै संलग्न लिष्ट वमोजिम प्रवेश परीक्षामा सफल भएका उम्मेदवारहरुको योग्यताक्रमको नामावली सूचि प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

विभागिय सिटको हकमा नेपाल सरकार वन तथा भू संरक्षण मन्त्रालयवाट प्राप्त हुने मनोनयनको आधारमा सम्वन्धित क्याम्पसले कोटा अनुसार भर्ना लिने छ ।

क्यापिटेशन सिटको हकमा साधारण सिटमा भर्ना समाप्त भएपछि सम्वन्धित क्याम्पसले निवेदन आव्हान गरि योग्यताक्रमको आधारमा भर्ना लिने व्यवस्था मिलाउनेछ ।

(डा. केशव दत्त अवस्थी)
डीन

<u>वोधार्थ तथा कार्यार्थ:</u>

१. श्री वन विज्ञान अध्ययन संस्थान,
पोखरा क्याम्पस, पोखरा - सफल भएका उम्मेदवारहरुको नामावली यसै साथ संलग्न छ ।
२. श्री वन विज्ञान अध्ययन संस्थान, हेटौडा क्याम्पस, हेटौडा - ,, ,,
३. श्री सम्पर्क कार्यालय, वन विज्ञान अध्ययन संस्थान,
त्रि. वि. कीर्तिपुर, काठमाण्डौ - सफल भएका उम्मेदवारहरुको नामावली यसै साथ संलग्न छ ।
४. श्री वन तथा भू संरक्षण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ :- मनोनयनको लागि सफल उम्मेदवारहरुको नामावली सूचि १ प्रति यसै साथ संलग्न छ ।
५. श्री काठमाण्डौ फरेष्ट्री कलेज,
कोटेश्वर, काठमाण्डौ :- सफल भएका उम्मेदवारहरुको नामावली यसै साथ संलग्न छ